साँफेबगर नगरपालिका
नगरकार्यपालिकाकोकार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. ०९७६२५१७८/६२५१८०
फ्याक्स नं. ०९७६२५१३७
E-mail Id :sanfebagarmun@gmail.com
Website : www.sanfebagarmun.gov.np

साँफेबगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय साँफेबगर, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

मितिः २०७९।०४।०४

पत्र संख्याः २०७९।०८०
चलानी नंम्बरः २४

विषयः वडास्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने सम्बन्धमा ।

श्री .......... नं. वडा कार्यालय,
.......................... अछाम ।

प्रस्तुत विषय सम्बन्धमा यस साँफेबगर नगरपालिका अन्तर्गत त्यस वडामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरणका लागि वडास्तरीय सहयोग तथा सहजीकरण समिति गठन गर्नु पर्ने भएकोले यसै पत्रसाथ संलग्न भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासी कार्यविधी -२०७८ को दफा ४ को उपदफा (२) बमोजिम यथाशीघ्र वडास्तरीय सहजीकरण समिति गठन गर्नु भई सोको जानकारी यस कार्यालयमा गराउनु हुन अनुरोध छ ।

..............................
पुष्प बहादुर बुढा
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्नु पर्नेछ।

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष - संयोजक

(ख) स्थानीय तहका उपप्रमुख वा उपाध्यक्ष - उपसंयोजक

(ग) सम्बन्धित स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि - सदस्य

(घ) कार्यपालिकाका सदस्यहरूमध्येबाट एक दलित/अल्पसंख्यक र एक महिला गरी दुई जना - सदस्य

(ङ) स्थानीय तहमा क्रियाशील किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलित सहित ३ जना) - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) स्थलगत रूपमा तथ्याङ्क संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउन देहायबमोजिमको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्नु पर्नेछ।

(क) वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा सदस्यहरू –सदस्य

(ग) सम्बन्धित वडामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित वडामा क्रियाशील किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी वडास्तरीय सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलित/अल्पसंख्यक सहित ३ जना) - सदस्य

(ङ) वडा सचिव –सदस्य सचिव

(३) उपदफा (१) र (२ ) बमोजिमका समितिको बैठकमा आवश्यकताअनुसार दफा ५ को उपदफा (१) बमोजिमको सेवा केन्द्रका कर्मचारी र सम्बन्धित क्षेत्रका विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको समितिले देहाय बमोजिमको कार्य गर्नेछः-